(ख) **सामाजिक क्षेत्र :** सामाजिक क्षेत्रको कार्यक्रम र वजेट तर्जुमा गर्दा जनताहरुको प्रत्येक्ष सेवा सुविधामा पहुँच वढाउने, समावेशीविकास, सशक्तीकरण ,सास्कृतिक र भाषिक विकासलाई आधारको रुपमा लिइएको छ ।

(ग) **पूर्वाधार क्षेत्र :**दिगो विकासको अवधारणा, आय आर्जनमा टेवा पुऱ्याउने, जनसहभागिता हुने, गत विगतका अधुरा योजनाहरु, गाँउपालिका स्तरीय महत्वका कार्यक्रमहरुका आधारमा पूर्वाधार क्षेत्रका कार्यक्रमहरु छनौट गने नीति लिइएको छ।

(घ) **वातावरण तथा विपदव्यवस्थापन क्षेत्र :**दिगो विकास र वातावरण संरक्षण गर्ने, प्राकृतिक विपद् न्यूनीकरण गर्ने, विपद् ग्रस्त नागरिकहरुलाई उद्धार तथा राहत उपलब्ध गराउने, विपद् व्यवस्थापनमा टेवा पुऱ्याउने आधारमा कार्यक्रम छनौट गर्ने नीति अवलम्वन गरिएको छ ।

(ङ) **संस्थागत बिकास, सेवा प्रभाव र सुशासन क्षेत्र :** जनमुखी प्रशासन, प्रशासनिक क्षमता अभिवृद्धी, प्रशासनिक भौतिक संरचना निर्माण, पारदर्शीता, जवाफदेहिता, कानूनको पालनामा टेवा पुऱ्याउने आधारमा कार्यक्रम छनौटको नीति अवलम्वन गरिएको छ ।

**२.३ आगामी वर्षको निति बजेट तथा कार्यक्रम:**

**२.३.१.आर्थिक नीति**

- तुलनात्मक लाभ र प्रतिष्पर्धात्मक क्षमता भएका कृषियोग्य क्षेत्रहरुलाई पकेट क्षेत्रको रुपमा विकास गर्ने ।
- कृषि पेशालाई मर्यादित र ब्यवसायिक बनाउने ।
- कृषि तथा पशु को क्षेत्रमा विमा कार्यक्रम लागू गर्ने ।
- किसानहरुलाई कृषि औजार मल बिउ तथा उपकरण खरिदमा अनुदान उपलब्ध गराउने ।
- प्रर्यटकिय क्षेत्रहरुको पहिचान, प्रचार प्रसार, संरक्षण एवं प्रबर्द्धन गर्ने ।
- पर्यटकिय मार्गहरुको पहिचान गर्ने ।
- युवाहरुमा स्वरोजगारका अवसर सृजना गर्ने ।
- वित्तिय सूचना प्रणाली सबल एवं सक्षम बनाउने ।
- स्थानीय सीप, स्रोत एवं प्रविधिमा आधारित उद्योगलाई प्रश्रय दिने ।
- तुलनात्मक लाभ र प्रतिष्पर्धात्मक क्षमता भएका बस्तु तथा सेवाको पहिचान गरि प्रबर्द्धन गर्ने ।
- सहकारी क्षेत्रको विकास र प्रबर्द्धन गर्ने ।

**२.३.२.आर्थिकक्षेत्र तर्फको बजेट तथा कार्यक्रम**

आ.व.२०७५।०७६ मा यस नगरपालिकाले आर्थिक विकास लाई उच्च प्राथमिकतामा राखि कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी क्षेत्र तथा वित्तिय क्षेत्रमा संघ तथा प्रदेश सरकारले उपलब्ध गराएको शसर्त अनुदान तथा राजश्व वाडफाड बाहेक वित्तिय सामानीकरणबाट ८ लाख ५० हजार रकम विनियोजन गरिएको छ । यस क्षेत्रमा गरिने मुख्य क्रियाकलापहरुलाई देहाय बमोजिम हुने गरि प्राथमिकिरण गरिएको छ ।